हस्तकला समाचार मुखपत्र
नेपाल हस्तकला महासंघ
वर्ष १५ चैत्र २०६५ अंक ९७

# प्रशिक्षण समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम

*हस्तकला उद्योग व्यवसायको विकास एवं प्रबर्द्धनका लागि नेपाल हस्तकला महासंघले स्थापनकालदेखि विभिन्न प्रबर्द्धनात्मक गतिविधि संचालन गर्दै आएको छ । यस क्रममा हस्तकला वस्तुको गुणस्तर एवं डिजाइन विकास गरी निकासी प्रबर्द्धनमा टेवा पुऱ्याउन तथा उद्यमी व्यवसायीहरुको सीप एवं दक्षता अभिबृद्धि गर्ने उद्देश्यले यस महासंघद्वारा २०६५ बैशाख देखि फागुन सम्ममा १६ वटा हस्तकला सीप विकास सम्बन्धी विविध प्रशिक्षणहरु संचालन गरियो । यसै बीच उद्योग मन्त्रालयका सचिव श्री ताना गौतमज्यूको प्रमुख आतिथ्यमा २०६५ फागुन १३ गते हस्तकला डिजाइन तथा विकास केन्द्रमा एक कार्यक्रमबीच प्रशिक्षण समापन तथा सहभागी प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गरियो ।*

प्रारम्भमा उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्दै यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले गुणस्तरीय हस्तकलाको उत्पादन गर्न सक्षम तुल्याइ हस्तकला उद्योगको व्यवस्थित विकासका लागि सरकारसंगको सहयोग एवं सहकार्यमा हस्तकला डिजाइन तथा विकास केन्द्रको स्थापना भई यसले हस्तकलाको वस्तु विकास, डिजाइन विकास लगायत उद्यमी व्यवसायीहरुको आवश्यकतानुसार विभिन्न सीप विकास सम्बन्धी प्रशिक्षण संचालन गर्दै आएको बताउनु भयो । यसबाट हस्तकला उद्यमीहरुमा दक्ष सीप विकास भई स्वरोजगारको अवसर प्राप्त भएको चर्चा गर्दै उहाँले यसलाई आगामी दिनमा सीप प्रशिक्षण प्रतिष्ठान संस्थाको रुपमा स्थापित गर्दै जाने सोच रहेको बताउँदै यसको दीर्घकालिन संचालनका लागि सहायोग गर्न र घरेलु तथा साना उद्योग विकास कोषको प्रभावकारी संचालन गर्न सरकारलाई आग्रह गर्नुभयो । यस क्रममा उहाँले सन् २००९ र सन् २०११ लाई प्राकृतिक रेशा वर्ष र पर्यटन वर्षको रुपमा मनाउन सरकारले कार्यक्रम तय गरिसकेको स्मरण गराउँदै समग्र हस्तकला क्षेत्रको विकास, संरक्षण एवं सम्बर्द्धनका लागि उपयुक्त पहल गर्न समेत उक्त कार्यक्रममा सम्बद्ध सबैमा आग्रह गर्नुभयो ।

साथै उहाँले महासंघको विभिन्न प्रबर्द्धनात्मक कार्यलाई साकार पार्न सहयोग गर्ने सहयोगी संस्था, श्रोतव्यक्ति लगायत सम्बद्ध सबैमा धन्यवाद ज्ञापन गर्नुभयो । सो अवसरमा मन्तव्य राख्दै राष्ट्रिय उत्पाकत्व तथा आर्थिक विकास केन्द्रका महाप्रबन्धक श्री युद्धबहादुर पन्तले आर्थिक उपार्जनका लागि मुलुकले समयसापेक्ष उपाय खोज्नु आवश्यक भएको चर्चा गर्दै थोरै वस्तु धेरै मल्य आउने हस्तकला वस्तुको समयासपेक्ष विकासमा जोड दिनुपर्ने बताउनु भयो ।



*प्रमुख अतिथि एवं उद्योग मन्त्रालयका सचिव श्री ताना गौतमबाट कार्यक्रममा प्रमाणपत्र वितरण गर्दै*

(बाँकी पृष्ठ २ मा ......)

## यस भित्र .....

* प्रमाणपत्र वितरण कार्यक्रम
* प्रमुख भंसार प्रमुखसँग भेटवार्ता
* प्राकृतिक रेशा विकास सम्बन्धी अन्तरक्रिया
* उर्जा बचत सचेतना गोष्ठी
* इम्ब्रोइडरी सम्बन्धी प्रशिक्षण
* काष्ठकला सम्बन्धी सीप प्रशिक्षण
* ऊनी वस्तु बुनाई सम्बन्धी प्रशिक्षण
* जानकारी
* जिल्ला हस्तकला एवं वस्तुगत संघ गतिविधि
* विविध

# प्राकृतिक रेशा विकास सम्बन्धी अन्तरक्रिया

प्राकृतिक रेशाको वस्तुस्थिति एवं विकास सम्बन्धी विविध पक्षबारे जानकारी गराई प्राकृतिक रेशाको व्यवसायिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले यस महासंघको प्राकृतिक रेशा वस्तु विकास समिति र वातावरण व्यवस्थापन प्रतिष्ठानको संयुक्त आयोजना र हस्तकला डिजाइन तथा विकास केन्द्रको व्यवस्थापनमा २०६५ फागुन १४ गते ललितपुरमा प्राकृतिक रेशाको व्यवसायिक विकास सम्बन्धी अन्तरक्रिया आयोजना गरियो ।

प्रारम्भमा उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्दै महासंघका द्वितीय उपाध्यक्ष श्री हेमरत्न शाक्यले प्राकृतिक रेशाबाट विभिन्न हस्तकला वस्तुको उत्पादन भई राम्रो बिक्री वितरण हुँदै आएको चर्चा गर्दै हस्तकला निकासीमा यसको उल्लेख्य योगदान रहेको बताउनु भयो । यस क्रममा उहाँले महासंघ र वातावरण व्यवस्थापन प्रतिष्ठान (IEM) को संयुक्त पहलमा चितवनको कावासोटीमा प्राकृतिक रेशाको वस्तुस्थितिबारे स्थलगत अध्ययन पश्चात हालै तहाँका स्थानीय उद्यमीहरुलाई तत्सम्बन्धी सीप अभिबृद्धि प्रशिक्षण सम्पन्न भईसकेको जानकारी गराउँदै आगामी दिनमा प्राकृतिक रेशाको व्यवसायिक विकासका उपाय सम्बन्धी छलफल गर्न प्रस्तुत अन्तरक्रियाको आयोजना गरिएको बताउँदै उपयुक्त सुझाव दिन आग्रह गर्नुभयो ।

( बाँकी पृष्ठ ३ मा ........)

## प्रशिक्षण समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम (पृष्ठ १ को बाँकी ......)

यस क्रममा एक गाउँ एक उत्पादनलाई प्रभावकारी रुपमा संचालन गर्न सरकारले राष्ट्रिय संजालको विकास गरी आवश्यक पहल गर्नुपर्ने बताउनुभयो । यस क्रममा सीप प्रशिक्षणबाट सिकेको सीपलाई व्यवहार मा उतार्नुपर्ने चर्चा गर्दै नेपाल उद्योग वाणिज्य महासंघ, घरेलु तथा साना उद्योग समितिका सभापति श्री डि.बि. बस्नेतले उत्पादित वस्तुको बजार प्रबर्दन गर्न महासंघले आवश्यक पहल गर्न र प्रदर्शन कक्षको विकास गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । कार्यक्रममा प्रमुख अतिथि एवं उद्योग मन्त्रालयका सचिवबाट विभिन्न प्रशिक्षणका प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र प्रदान गर्नुभयो । सो अवसरमा मन्तव्य व्यक्त गर्दै उहाँले यथार्थ वस्तुस्थिति एवं तथ्य जानकारीको अभावमा कुनै पनि विकास कार्य प्रभावकारी नहुने बताउँदै उहाँले नयाँ नेपाल निर्माणको क्रममा समस्याको सही पहिचान गरी सही समाधानका उपाय पहिल्याई सम्बद्ध सबै सही रुपमा अघि बढ्नुपर्नेमा जोड दिनुभयो । यस क्रममा सरकार, हस्तकला लगायत निकासीजन्य उद्योगको विकास एवं प्रबर्द्धनका लागि सशक्त रहेको बताउँदै सरकारको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

अन्तमा महासंघको पहलमा संचालित विभिन्न प्रशिक्षण, सीप परिक्षण लगायत प्रबर्द्धन कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने सहयोगी संस्थाहरु, श्रोतव्यक्तिहरु, प्रशिक्षार्थी एवं सहभागी लगायत सम्बद्ध सबैमा धन्यवाद ज्ञापन गर्दै यस महासंघका प्रथम उपाध्यक्ष एवं



*महासंघका अध्यक्षज्यूबाट प्रमुख अतिथि लगायत अतिथिहरुको स्वागत गर्दै*

सो केन्द्रका सभापति श्री विकासरत्न धाख्वाले आगामी दिनमा हस्तकलाको समग्र विकासका लागि उद्यमी व्यवसायीहरुको आवश्यकतानुसार पहल गर्दै जाने बताउनु भयो । महासंघबाट २०६५ बैशाखदेखि फागुन सम्ममा १६ वटा विधामा २०० भन्दा बढी उद्यमीहरुलाई हस्तकला सीप प्रशिक्षण प्रदान गरिएको थियो । उक्त अवसरमा प्रशिक्षण तथा सीप परिक्षणको क्रममा सहभागीहरुबाट तयार पारिएका विभिन्न हस्तकला वस्तुहरुको प्रदर्शनी पनि गरिएको थियो ।

### महासंघद्वारा उक्त अवधिमा देहाय बमोजिमका सीप प्रशिक्षणहरु संचालन गरिएको थियो ।

| क्र.सं. | प्रशिक्षणको नाम | प्रशिक्षकको नाम | मिति | सहभागिता |
|---|---|---|---|---|
| १ | फोटोग्राफी पहिलो समूह | श्री शरद राई | २०६५ जेष्ठ २१ देखि २८ गते सम्म | १३ |
| २ | फोटोग्राफी दोश्रो समूह | श्री शरद राई | २०६५/३/१५ गते | १२ |
| ३ | सुती कपडाको पुतली बनाउने प्रशिक्षण | श्रीमती चिरञ्जीवी श्रेष्ठ | २०६५/२/१४ देखि १७ गतेसम्म | ७ |
| ४ | धातु मूर्तिमा मूखाकृति कुँदाई प्रशिक्षण | श्री प्रदिप शाक्य | २०६४ फागुन ३० देखि ०६५ बैशाख २९ सम्म | १९ |
| ५ | उनी वस्तु बुनाई प्रशिक्षण | श्रीमती लीला जोशी | २०६५ जेष्ठ २३ देखि २० सम्म | १३ |
| ६ | E-Marketing सम्बन्धी प्रशिक्षण | श्री सुरेन्द्र शाही | २०६५/३/२९ र ३० गते | १८ |
| ७ | काष्ठकला वस्तुमा रंगाई (पाटिना) सम्बन्धी प्रशिक्षण | श्री निरा प्रसाद ह्यजु | २०६५ असार ८ देखि १८ सम्म | १४ |
| ८ | बिर्क्री कला तालिम | सुश्री अरुणा (माकिको मियाजाकी) | २०६५/२/२८ | ८ |
| ९ | किमती तथा अर्ध किमती पत्थर | | | |
| | पहिचान प्रशिक्षण | सुश्री निकी जोशी र श्री सत्यनारायण झा | २०६५ बैशाख २४ देखि ३ महिना | ८ |
| १० | पौभा विधामा सीप प्रमाणिका | | २०६५ भाद्र ४ देखि ९ सम्म | १६ |
| ११ | आइकोनोग्राफी सम्वन्धी शैद्धान्तिक प्रशिक्षण | श्री दिपक जोशी | २०६५ भाद्र १५ देखि असोज १४ सम्म | ९ |
| १२ | उनी वस्तु बुनाई प्रशिक्षण दोस्रो समूह | श्रीमती लीला जोशी | २०६५ मंसिर ८ देखि माघ ५ सम्म | ११ |
| १३ | Patch Work सम्वन्धी प्रशिक्षण कार्यक्रम | छोरी मैयाँ महर्जन | २०६५ मंसिर २९ देखि पौष ४ सम्म | ९ |
| १४ | Product Photography प्रशिक्षण तेश्रो समूह | श्री शरद राई | २०६५/५/१० देखि १७ सम्म | ११ |
| १५ | Product Photography प्रशिक्षण चौथ्रो समूह | श्री शरद राई | २०६५ पौष ८ देखि १७ सम्म | १३ |
| १६ | केराको रेशा व्यवसायी विकास सम्वन्धी प्रशिक्षण | डा. ऋद्धिबीर सिं | प्रथम २०६५ मंसिर ६ देखि ९ सम्म<br>दोस्रो २०६५ माघ १२ देखि १४ सम्म<br>(कावासोती, नवलपरासी) | १५ जना<br>२० जना |
| | | | जम्मा संख्या | २१६ |

# प्रमुख भन्सार प्रशासकसँग भेटवार्ता

हस्तकला निकासीमा विद्यमान समस्या एवं कठिनाई सम्बन्धमा जानकारी गराउनुका साथै निकासी प्रक्रियालाई सहज एवं सरलीकरण गरी हस्तकलाको निकासी प्रबर्द्धनका लागि भन्सार कार्यालयको सहयोग सम्बन्धी छलफल गर्ने क्रममा यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यको नेतृत्वमा गएको टोलीद्वारा हालै त्रिभुवन विमानस्थलस्थित भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक श्री मुक्ति नारायण पौडेलसंग भेटवार्ता गरियो। सो टोलीमा यस महासंघका पूर्व अध्यक्ष श्री इन्द्रबहादुर शाक्य, कार्यसमिति सदस्य श्री हरिबहादुर कार्की, कार्यालय सचिव श्री तुलानरसिंह शाक्य र सहायक सचिव श्री देवराज बज्राचार्यको सहभागिता रहेको थियो। उक्त अवसरमा महासंघका अध्यक्षज्यूले देशलाई विदेशी मुद्रा आर्जन गर्न र स्वरोजगारको अवसर प्रदान गर्न हस्तकला उद्योग व्यवसायको योगदान र यस क्षेत्रको प्रबर्द्धनमा महासंघबाट सम्पादन हुँदै आएका प्रबर्द्धन कार्यबारेमा प्रमुख भन्सार अधिकृतलाई जानकारी गराउनु भयो। यस क्रममा उहाँले अस्पष्ट नीति नियमले गर्दा र भन्सार बिन्दुमा हुने अनावश्यक झन्झटका कारण भारत लगायत अन्य मुलुकहरुमा निकासी गर्दा अनावश्यक समस्या भोग्नु परेकोबारे पनि अवगत गराउनु भयो। साथै हस्तकला वस्तुको मूल्यांकन सिफारिसले गर्दा निकासी हुने वस्तुको मूल्यमा एकरुपता कायम भई विश्व बजारमा नेपाली हस्तकला वस्तुप्रति उपभोक्ताको विश्वास स्थापित भएको र हस्तकला क्षेत्रको समयसापेक्ष विकासका लागि यस महासंघलाई सशक्त एवं सक्षम तुल्याउन हस्तकलाको निकासी सहजीकरण एवं प्रबर्द्धन गर्न सरकारबाट आवश्यक सहयोगका लागि समेत उहाँले आग्रह गर्नुभयो।

सो अवसरमा प्रमुख भन्सार प्रशासकले भन्सार कार्यालयबाट हस्तकला लगायत नेपाली उत्पादनहरुको निकासी प्रबर्द्धनका लागि प्राथमिकता दिँदै आएको जानकारी गराउँदै आवश्यक कागजातको अभाव, प्राविधिक त्रुटी एवं नीतिगत अन्यौलले गर्दा कहिले काहीं निकासी अवरोध हुने गरेको क्रममा सहज निकासीका लागि पुरातत्व जाँचपास, मूल्यांकन सिफारिस लगायतका कार्यहरु त्रि.वि. भन्सार कार्यालयमै काउन्टरको व्यवस्थामार्फत गर्न सकिने बताउँदै हस्तकला वस्तुको निकासी अभिबृद्धि गर्न सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। भेटवार्ताको क्रममा महासंघका पूर्व अध्यक्ष श्री इन्द्रबहादुर शाक्य र कार्यसमिति सदस्य श्री हरिबहादुर कार्कीले पनि आ(आफ्ना विचार राख्नु भएको थियो।

## प्राकृतिक रेशा विकास सम्बन्धी अन्तरक्रिया

( पृष्ठ १ को बाँकी ...........)

सो क्रममा मन्तव्य राख्दै वातावरण व्यवस्थापन परियोजनाका व्यवस्थापक श्री उत्तर कुँवरले उक्त परियोजनाबाट भए गरेका गतिविधिहरु बारे जानकारी गराउँदै विभिन्न जिल्लाहरुमा सीप एवं दक्षता अभिबृद्धि कार्यक्रमहरु गर्दै आएको बताउनु भयो। हालसम्म विभिन्न क्षेत्रका १४०० जना भन्दा बढी उद्यमी व्यवसायीहरुलाई सीप प्रशिक्षण प्रदान गरिसकेको बताउँदै उहाँले उत्पादित प्राकृतिक रेशाजन्य वस्तुको बजार एवं व्यवसायिक प्रबर्द्धनका लागि सम्बन्धित व्यवसायीहरु सशक्त हुनपर्ने बताउनु भयो।

उक्त अवसरमा यस महासंघकी कार्य समिति सदस्य एवं प्राकृतिक रेशा वस्तु विकास समितिकी सभापति श्रीमती दिव्यतारा तुलाधरले कार्यक्रमको उद्देश्य एवं औचित्यबारे प्रकाश पार्नु हुँदै हालै नवलपरासीको कावासोटीमा केरा रेशाको व्यवसायिक विकास सम्बन्धी प्रशिक्षण संम्पन्न भएको बताउँदै गोष्ठीको क्रममा प्राकृतिक रेशाको व्यवसायिक विकास उपाय पहिल्याउन र उपयुक्त सुझाव दिन आग्रह गर्नुभयो। तत्पश्चात विषयविज्ञ डा. ऋद्धिबीर सिंहले प्राकृतिक रेशाको विकास वस्तुस्थिति र यस सम्बन्धी समसामयिक जानकारी प्रस्तुत गर्नुभयो। विषयगत प्रस्तुतीको क्रममा उहाँले केराको व्यवसायिक खेती, उपलब्धि, बजार संम्भाव्यता, प्रबर्द्धन पहलबारे जानकारी गराउनु भयो। यस क्रममा उहाँले आगामी दिनमा प्राकृतिक रेशा विकास सम्बन्धी दोस्रो चरणको कार्यक्रम संचालन गरी सम्बन्धित उद्यमी व्यवसायीलाई रेशा निकाल्ने र रंगाई गर्ने सीप सिकाइने बताउँदै यसलाई कसरी निरन्तरता दिने, व्यवस्थित गर्ने र कस्ता कार्यक्रम गर्ने भन्ने सम्बन्धमा अन्तरक्रियाको क्रममा उपयुक्त सुझाव दिन समेत आग्रह गर्नुभयो।

कार्यक्रममा सहभागीहरुबाट विषयगत प्रस्तुती सम्बन्धमा विभिन्न जिज्ञासाहरु राखिएको थियो। छलफलको क्रममा सहभागीहरुले प्राकृतिक रेशाबाट निकासीयोग्य विभिन्न हस्तकला वस्तु उत्पादन हुने बताउँदै



*कार्यक्रममा प्राकृतिक रेशा व्यवसाय विकास सम्बन्धमा सहभागीहरूबाट विचार एवं धारणा प्रस्तुत गर्दै*

गुणस्तरीय प्राकृतिक रेशा उत्पादन गर्न सक्षम तुल्याउन चरणबद्ध एवं निरन्तर रुपमा प्रबर्द्धनात्मक क्रियाकलाप हुनुपर्ने धारणा राख्नु भयो। यसका लागि उपयुक्त प्रविधि एवं उपयुक्त सीप भित्र्याउन सम्बद्ध सबैले विशेष पहल गर्नुपर्ने, महिला उद्यमीलाई सीपयुक्त तुल्याई अभिप्रेरित गर्नुपर्ने, उत्पादनको व्यवस्थित बजार प्रबर्द्धन गर्नुपर्ने, सरकारले यस क्षेत्रको विकासका लागि उचित सहुलियत र सहयोग प्रदान गर्नुपर्ने जस्ता सुझावहरु सहभागीहरुले छलफलको क्रममा राखेका थिए। उक्त कार्यक्रममा महासंघका पूर्व अध्यक्ष, कार्य समिति सदस्यहरु, घरेलु तथा साना उद्योग विकास समितिका प्रतिनिधि, नवलपरासी, कावासेटीस्थित मिलिजुली बचत सहकारी संस्थाका प्रतिनिधि लगायत सम्बन्धित उद्यमी व्यवसायीहरु करीब २५ जनाको सहभागिता रहेको थियो। अन्तमा कार्यक्रमका श्रोतव्यक्ति एवं विज्ञहरु, सहभागी लगायत कार्यक्रम सफलतापूर्व सम्पन्न गर्न सहयोग गर्ने सम्बद्ध सबैमा धन्यवाद ज्ञापन गर्दै महासंघका सहायक सचिव श्री रविन्द्रनाथ श्रेष्ठले हस्तकला क्षेत्रको समग्र विकासका लागि महासंघले समयसापेक्ष विभिन्न पहल एवं गतिविधिहरु संचालन गर्दै आएको बताउनुभयो।

# उर्जा बचत सचेतना गोष्ठी

*उद्योगको उत्पादकत्व बृद्धि तथा लागत कम गर्न उर्जा व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विद्युत संकटका कारण नेपाली उद्योगहरुमा गम्भीर संकट पर्न गई उद्योग नै बन्द हुने स्थितिमा पुगेका वर्तमान समयमा उर्जा बचत, बैकल्पिक उर्जाको खोजी एवं विद्यमान उर्जाको अत्यधिक सदुपयोग हुनु नितान्त आवश्यक भएको छ । यसै परिप्रेक्ष्यमा नेपाल हस्तकला महासंघद्वारा उद्योग मन्त्रालय, औद्योगिक उर्जा व्यवस्थापन आयोजनाको सहयोगमा २०६५ फागुन २८ गते उर्जा बचत सचेतना गोष्ठी आयोजना गरियो । माननीय उद्योग मन्त्री अष्टलक्ष्मी शाक्यको प्रमुख आतिथ्यमा उद्घाटन सम्पन्न उक्त कार्यक्रममा ३० भन्दा बढी हस्तकला उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो ।*

प्रारम्भमा प्रमुख अतिथि, सरकारी उच्च पदस्थ अधिकारी, महासंघका पूर्व अध्यक्ष, पदाधिकारी, कार्यसमिति सदस्यहरु तथा सहभागी हस्तकला उद्यमी व्यवसायीहरुलाई कार्यक्रममा स्वागत गर्दै यस महासंघका कार्यबाहक अध्यक्ष श्री विकासरत्न धाख्वाले कृषि पछिको ठुलो स्वरोजगारमूलक उद्योग हस्तकला भएको चर्चा गर्दै उर्जा बचत एवं उर्जा व्यवस्थापन सम्बन्धी विविध समसामयिक जानकारी प्रदान गरी हस्तकला उद्योगको प्रबर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले प्रस्तुत कार्यक्रमको आयोजना गरेको बताउनु भयो । धातु, सेरामिक तथा अन्य हस्तकलाका वस्तुको उत्पादनमा उर्जाको बढी खपत हुने र वर्तमान विद्युत संकटले उद्योगमा नराम्रो असर पर्न गएकोमा आवश्यक उर्जा नीतिको तर्जुमा गर्न सरकारको ध्यानाकर्षण गर्दै गोष्ठीको क्रममा उर्जा बचत एवं व्यवस्थापन सम्बन्धमा उपयुक्त उपाय पहिचान गर्न सहभागीहरुमा आग्रह समेत गर्नुभयो । उक्त अवसरमा कार्यक्रमलाई सम्बोधन गर्दै माननीय मन्त्रीज्यूले वर्तमान समयमा विद्युत लगायत उर्जा संकटले गर्दा उद्योगहरु संकटमा परिरहेको उल्लेख गर्दै उर्जाको बचत एवं अधिकतम सदुपयोग गर्न सबैले विशेष पहल गर्नुपर्ने र वस्तुको निकासी प्रबर्द्धनका लागि स्तरीय वस्तुको उत्पादन र उचित बजार प्रबर्द्धनमा जोड दिनुपर्ने बताउनु भयो । यसैगरी घरेलु तथा साना उद्योगको विकास एवं संरक्षणका लागि औद्योगिक नीतिमा आवश्यक व्यवस्था गरेको चर्चा गर्दै हस्तकला ग्राम स्थापनाका लागि आवश्यक पहल गर्न सरकार लागि परेको समेत उहाँले बताउनुभयो ।

यसैगरी कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै औद्योगिक उर्जा व्यवस्थापन आयोजनाका प्रमुख श्री कमल मानन्धरले उपयुक्त उर्जा व्यवस्थापनले लागत मक गर्न र उत्पादकत्व बढाउने जनाउँदै गोष्ठीको क्रममा उपयोगी जानकारी लिन र सुझाव दिन आग्रह गर्नुभयो ।

सो क्रममा मन्तव्य व्यक्त गर्दै उद्योग मन्त्रालयका निमित्त सचिव श्री निरञ्जन बरालले त्यसै खेर जाने र चुहावट हुने उर्जा बचाई प्रभावकारी सदुपयोग गर्न सकेमा ७५ प्रतिशतसम्म उर्जा




*उर्जा बचत सचेतना गोष्ठीको फोटो झलक*

बचत गर्न सकिने सम्भावना रहेको बताउँदै उर्जा व्यवस्थापन समसायिक प्रविधि र वैकल्पिक उर्जा सम्बन्धी महत्वपूर्ण जानकारी लिन र तत्सम्बन्धी सुझाव दिन सबैमा आग्रह गर्नुभयो । उद्घाटन शत्रको अन्तमा प्रमुख अतिथि लगायत गोष्ठीमा उपस्थित सम्पुंण महानुभावहरु र गोष्ठीका श्रोतव्यक्ति तथा सहभागीहरुमा धन्यवाद ज्ञापन गर्दै यस महासंघका द्वितीय उपाध्यक्ष श्री हेमरत्न शाक्यले वर्तमान असहज परिस्थितिमा पनि हस्तकला वस्तुको निकासी निरासाजनक नरहेको चर्चा गर्दै गोष्ठीको क्रममा समयसापेक्ष उर्जा व्यवस्थापन प्रविधिको उपयोग गर्न, अत्यधिक उर्जा बचत तथा प्रभावकारी उर्जा सदुपयोग गर्ने सीप हासिल गरी हस्तकलाको उत्पादकत्व बढाउन समेत आग्रह गर्नुभयो ।

उक्त गोष्ठीमा SEED Nepal का कार्यकारी निर्देशक श्री अमर बहादुर मानन्धर, उद्योग मन्त्रालयका सहसचिव श्री विनोदकुमार उपाध्याय र SEED Nepal का निर्देशक श्री गोविन्द तिवारीले क्रमश: उद्योगमा उर्जा दक्षताको आवश्यकता र अवसर, उर्जा नीति र उद्योगमा तापीय उर्जा दक्षताका अवसर र मामिलाहरु विषयमा विविध जानकारी प्रस्तुत गरिएको थियो । विषयगत प्रस्तुती पश्चात सहभागीहरुबाट विभिन्न जिज्ञासा राखिएकोमा प्रस्तोताहरुबाट स्पष्ट पारिएको थियो ।

## ईम्ब्रोइडरी सम्बन्धी प्रशिक्षण

यस महासंघले हस्तकला वस्तुको विकास एवं डिजाइन विकास सम्बन्धमा समयसापेक्ष दक्षता एवं सीप अभिबृद्धि गर्ने उद्देश्यले सदस्य एवं हस्तकला उद्यमी व्यवसायीहरुको आवश्यकता अनुसार विभिन्न प्रशिक्षणहरु संचालन गर्दै आएको छ । यसै क्रममा यस महासंघद्वारा सुति वस्तु विकास समितिको संयोजनमा २०६५ फागुन ४ देखि १९ गते सम्म पुल्चोक, ललितपुरस्थित हस्तकला डिजाइन तथा विकास केन्द्रमा इम्ब्रोइडरी सम्बन्धी सीप प्रशिक्षण संचालन गरियो । २०६५ फागुन ४ गते एक कार्यक्रमबीच उक्त प्रशिक्षण शुरुवात गरिएको थियो । सो क्रममा सुति वस्तु विकास समितिकी सभापति सुश्री रज्जु रंजितकारले कार्यक्रमको महत्व र उद्देश्यबारे प्रकाश पार्दै प्रशिक्षणबाट उपयोगी सीप सिकी व्यवहारमा उतार्न समेत आग्रह गर्नुभएको थियो । सुश्री प्रतिभा जोशी श्रोतव्यक्ति रहनु भएको उक्त प्रशिक्षणमा ७ जना उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो । प्रशिक्षणको क्रममा सहभागीहरुलाई विभिन्न बुट्टा र डिजाइनमा पहिरनका वस्तुहरुमा इम्ब्रोइडिङ्ग गने सीप सिकाइएको थियो ।

## काष्ठकला सीप सम्वन्धी प्रशिक्षण

काष्ठकला वस्तुको विकास एवं काष्ठकला सीप सम्बन्धी दक्षता अभिबृद्धिका लागि महासंघले विभिन्न गतिविधिहरु संचालन गर्दै आएको छ। यस क्रममा महासंघको काष्ठकला वस्तु विकास समितिको संयोजनमा २०६५ फागुन ८ गतेबाट हस्तकला डिजाइन तथा विकास केन्द्रमा एक कार्यक्रमबीच काष्ठकला सीप सम्बन्धी तीन महिने प्रशिक्षण शुभारम्भ गरियो। सो अवसरमा प्रशिक्षणका सहभागीहरुलाई महासंघका अध्यक्षबाट प्रशिषण सामाग्री हस्तारन्तरण गर्नुभयो । सो अवसरमा मन्तव्य व्यक्त गर्दै महासंघका अध्यक्ष श्री पुष्करमान शाक्य काष्ठकलाको महत्व र उपयोगिताबारे विवेचना गर्दै काष्ठकला सम्बन्धी दक्ष सीपबाट यस क्षेत्रको दीर्घकालिन प्रबर्द्धन हुने बताउनु भयो। यसैगरी काष्ठकला वस्तु विकास समितिका सभापति श्री अनिल कुमार शिल्पकारले कार्यक्रमको उद्देश्य बारे प्रकाश पार्दै महासंघले काष्ठकला क्षेत्रको विकास एवं काष्ठकलाकर्मीहरुको हित प्रबर्द्धनका लागि सक्दो पहल गर्दै जाने बताउँदै यस प्रशिक्षणपश्चात सहभागीहरुको कार्य दक्षता अनुसार सम्बन्धित उद्योगहरुमा रोजगारीको अवसर प्रदान गर्ने लक्ष्य राखेको समेत जानकारी गराउनु भयो । विषयविज्ञ श्री आशारत्न शाक्य श्रोतव्यक्ति



*काष्ठकला प्रशिक्षणका सहभागीहरू सीप अभ्यासमा व्यस्त हुँदै*

रहनु भएको उक्त प्रशिक्षणमा १३ जना काष्ठकला उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो । प्रशिक्षणको क्रममा सहभागीहरुलाई काष्ठकला सीप सम्बन्धी आधारभूत ज्ञान र विभिन्न बुट्टा एवं डिजाइन कुँद्ने सीप सिकाइने छ ।

## ऊनी वस्तु बुनाई सम्बन्धी प्रशिक्षण

नेपाल हस्तकला उद्योग व्यवसायको विकास एवं प्रबर्द्धनका लागि यस महासंघबाट आवश्यकतानुसार विभिन्न प्रबर्द्धनात्मक गतिविधिहरु संचालन गर्दै आएको छ । यस सिलसिलामा विभिन्न जिल्लाहरुमा अवस्थित स्थानीय हस्तकला प्रबर्द्धनका लागि समेत समय सापेक्ष पहल हुँदै आएको छ । यस क्रममा उपत्यका बाहिर रहेका हस्तकला उद्यमी व्यवसायीहरुमा बुनाई सम्बन्धी सीप अभिवृद्धि गरी स्वरोजगार तुल्याउने उद्देश्यले चितवन, महादेवटार स्थिति संघर्षशील बचत सहकारी संस्था द्वारा यस महासंघको सहयोगमा २०६५ माघ २० देखि फागुन ६ गते सम्म ऊनी वस्तु बुनाई सम्बन्धी प्रशिक्षण सञ्चालन गरियो । श्रीमती लीला जोशी श्रोत व्यक्ति रहनुभएको उक्त प्रशिक्षणमा २० जना स्थानीय महिला उद्यमी व्यवसायीहरुको सहभागीता रहेको थियो । सो क्रममा सहभागीहरुलाई बुनाई सम्बन्धी आधारभूत ज्ञान प्रदान गर्नुका साथै साधा टाँका, सुल्टो-उल्टो बुनाई र बोर्डर बुन्ने सीप सिकाइएको थियो ।

प्रशिक्षण शुभारम्भको क्रममा सो सहकारी संस्थाकी अध्यक्ष श्रीमती भवानी सिलवाल र विज्ञहरू श्री सत्यनारायण तण्डुकार र श्रीमती लीला जोशीले कार्यक्रमको उद्देश्य, महत्व एवं उपयोगीता बारे प्रकाश पार्नु भएको थियो ।

# जानकारी

## उद्योगहरुको वस्तुस्थितिबारे अनुगमन

कुनै पनि मुलुकलाई आत्मनिर्भर बनाउन तथा दिगो आर्थिक उन्नति गर्न देशमा आवश्यक उद्योगहरुको सथापना एवं सुसंचालन हुनु नितान्त आवश्यक पर्दछ । आवश्यक उर्जाको अभाव, लोडसेडिङ्ग, श्रमिक समस्या, मैत्री वातावरणको अभाव, राजनैतिक अन्यौल, जस्ता विविध कारणहरुले गर्दा देशमा उद्योगहरुको प्रभावकारी एवं उपलब्धीमूलक संचालन हुन नसकेको देखिन्छ । यसै सन्दर्भमा हाल दर्ता भएका सबै उद्योगहरु पूर्ण रुपमा संचालन नभएको, चालु उद्योगहरु पनि विभिन्न कारणहरुले गर्दा बन्द हुने स्थितिमा रहेको भन्ने सम्बन्धित क्षेत्रका व्यक्ति एवं सराकारवालाहरुले गुनासो गरेको परिप्रक्ष्यमा हालै सरकारले विद्यमान उद्योगहरुको वास्तविकता जान्न उद्योगहरुको अनगमन थालिएको छ । यसक ालागि दर्ता उद्योगको वास्तविकता एवं वस्तुस्थिति बारे तथ्य जानकारी लिन नियमित अनुगमनका लागि उद्योग विभागले अभारपत्र समेत बनाएको छ। उद्योगको समसामयिक वस्तुस्थिति, कति उद्योगहरु संचालित छन्, कति बन्द छन्, उद्योगको विद्यमान समस्या, लगानी स्थिति, प्रविधि आदिबारे जानकारी नहुँदा उद्योगको विकास एवं प्रबर्द्धनका लागि उपयुक्त योजना र कार्य दिशा तय गर्न नसकेको क्रममा यस पहलले सकारात्मक परिणाम ल्याउने अपेक्षा गरिएको छ ।

विगतमा सरकारले आवश्यक पर्दा केही विषयमा मात्र अनुगमन गर्ने गरेकोम हाल सरकारले उदोगको वस्तुस्थिति बुझ्न उपयुक्त ढाँचा तयार गरी कम्प्यूटर सफ्टवेर समेत बनाई आउने दिनमा यस सम्बन्धी विवरण अद्यावधिक गर्दै जाने लक्ष्य राखेको छ । यसबाट नेपालमा संचालित उद्योगको अवस्था, स्थिति, उत्पादन स्थिति, बन्द उद्योग, लगानी क्षेत्र, विदेशी लगानी स्थिति आदिबारे सही तथ्यांक प्रापत हुने छ। सम्बन्धित निकायका अनुसार हाल दर्ता उद्योगमध्ये ४० प्रतिशत उद्योग मात्र संचालनमा रहेका र कतिपय विदेशीले भिसा कायम राख्नकै लागि मात्र उद्योग कायम राख्ने गरेका पाइएको सन्दर्भमा यस अनुगमनबाट उद्योगहरुमा विद्यमान समस्या समाधान गरी सुचारु गर्न टेवा पुग्ने अपेक्षा गरिएको छ। उद्योग विभाका अनुसा हाल सम्म नेपालमा ३८८१ उद्योग दर्ता भएका छन् जस्मा २१ खर्ब ४४ अर्ब १४ करोड रुपैयाँ स्थिर पुँजी लगानी भएको र यसले ३, ७५,८०० जनालाई रोजगारीको अवसर दिने प्रस्तावित गरेका छन् ।

## उद्योग संकटको घोषणा

देशमा नियमित विद्युत आपूर्ति हुन नसक्दा दैनिक उपाभोग्य अत्यावश्यक वस्तु लगायत विभिन्न औद्यागिक वस्तुहरुको उत्पादकत्वमा कमी आई नकारात्मक असर पर्दै आएको छ। दैनिक रुपमा लोडसेडिङ्गको समय अत्याधिक बृद्धि भएपछि यसले औद्यौगिक उत्पादन ठप्प पारी उद्योग पूर्ण रुपमा बन्द हुने स्थितिमा पुऱ्याएको छ। यस क्रममा अध्यक्ष श्री कुशकुमार जोशीको अध्यक्षतामा हालै नेपाल उद्योग वाणिज्य महासंघमा बसेको उद्योगी व्यवसायीहरुको बैठकले विद्यमान उद्योगको यथास्थितिको आधारमा पहिलोपटक उद्योग संकटको घोषणा गरेको छ। बैठकमा सो ने.उ.वा.महासंघका पदाधिकारी, कार्यकारिणी सदस्य, नेपाल चेम्बर अफ कमर्सका साथै विभिनन जिल्ला, नगर, उद्योग वाणिज्य संघ तथा वस्तुगत संघ, एसोसिएट र नेपाल उद्योग परिसंघका पदाधिकारी आदिको सहभागिता रहेको छ । उक्त बैठकमा उद्योगमा विद्यमान विभिन्न समस्या एवं चुनौती सम्बन्धमा बहस भएको थियो । छलफलपश्चात लामो समयदेखि लोडसेडिङ्गका साथै देशमा बन्द, हड्ताल, चक्काजाम, शान्तिसुरक्षाको अभाव, श्रम समस्या र आर्थिक मन्दी लगायत विविध कारणहरुले गर्दा उद्योग व्यवसाय चल्नै नसक्ने अवस्थामा पुगेकोले बाध्य भई संकटकाल घोषणा गरी लोडसेडिङ्ग भएको दिनदेखि विद्युतको न्यूनतम शुल्क नतिर्ने र यसमा सरकारको ध्यानाकर्षणका लागि "उद्योग व्यवसाय संकटग्रस्त अवस्थामा छ, सरकारले सम्बोधन गर" अंकित कालो व्यानर राख्न सबै सदस्य, उद्योगी व्यवसायिक प्रतिष्ठानसंग अनुरोध गर्ने निर्णय गरिएको थियो। साथै विद्युत संकट, बन्द, हड्ताल, चक्काजाम, चन्दा आतंक जस्ता समस्या तत्काल समाधान गर्न सरकार संग माग पेश गर्ने पनि तय गरिएको थियो ।

# जिल्ला हस्तकला एवं वस्तुगत संघ गतिविधिहरु

## ललितपुर हस्तकला संघको साधारण सभा

यस महासंघको संस्थागत सदस्य ललितपुर हस्तकला संघको चौथो वार्षिक साधारण सभा २०६५ फागुन ११ गते ललितपुरमा सम्पन्न भयो । सो संघका अध्यक्ष श्री चैत्यरत्न शाक्यको सभापतित्व तथा यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यको प्रमुख आतिथ्यमा उद्घाटन सम्पन्न उक्त सभामा विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, सो संघका सदस्यहरु लगायत स्थानीय हस्तकला उद्यमी व्यवसायीहरुको उलेख्य उपस्थिति रहेको थियो । उक्त अवसरमा मन्तव्य राख्नु हुँदै उहाँले ललितपुर नगर, धातुकला, काष्ठकला, प्रस्तकला लगायत विविध कलाको नमूना शहर भएको बताउँदै स्थानीय हस्तकला एवं सीपको विकास तथा संरक्षणका लागि सरकारी एवं स्थानीय निकायहरुले उपयुक्त पहल र सहयोग गर्नुपर्ने धारणा राख्नु भयो । प्रारम्भमा उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्दै सो संघका अध्यक्षले उक्त संघको विविध गतिविधि तथा भावी लक्ष्यबारे प्रकाश पार्नु भएको थियो । सो अवसरमा यस महासंघका पूर्व अध्यक्ष एवं सो संघका सल्लाहकार श्री इन्द्रबहादुर शाक्यले हस्तकला क्षेत्रको प्रबर्द्धन सम्बन्धी विचार राख्नु भएको थियो । उद्घाटन शत्रको अन्तमा सो संघका उपाध्यक्ष श्री रुपरत्न शाक्यले उपस्थित सबैमा धन्यवाद ज्ञापन गर्दै आउदा दिनमा सो संघबाट ललितपुरको स्थानीय हस्तकलाको विकास एवं प्रबर्द्धन गतिविधिहरु निरन्तर गर्दै जाने बताउनु भयो ।

ललितपुर हस्तकला संघको उक्त साधारण सभाबाट आगामी ३ वर्षका लागि श्री रुपरत्न शाक्यको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्य समिति समेत चयन गरिएका थियो । परिणाम अनुसार सो संघको उपाध्यक्षमा श्री दीपेन्द्र शाक्य, महासचिवमा श्री जुनिबज्र बज्राचार्य, कोषाध्यक्षमा श्री राजेन्द्र बज्राचार्य, सचिवमा श्री श्याम तण्डुकार चुनिनु भएको छ ।

# स्क्रीन पेन्टिङ्ग सम्बन्धी सीप प्रशिक्षण संचालन

धनुषा हस्तकला संघमा आबद्ध हस्तकला उद्यमी व्यवसायीहरुमा स्क्रीन पेन्टिङ्ग सम्बन्धी सीप अभिबृद्धि गर्ने उद्देश्यले यस महासंघको संस्थागत सदस्य धनुषा हस्तकला संघद्वारा यस महासंघको सहयोगमा २०६५ माघ ११ देखि १७ गतेसम्म जनकपुर, धनुषामा स्क्रीन पेन्टिङ्ग सम्बन्धी एक हप्ते प्रशिक्षण संचालन गरियो । सो संघका अध्यक्ष श्री अशोक जलानबाट २०६५ माघ ११ गते उक्त प्रशिक्षणको शुभारम्भ गर्नु भएको थियो । विषयविज्ञ श्री सुरेश श्रेष्ठ श्रोतव्यक्ति रहनु भएको उक्त प्रशिक्षणमा १८ जना स्थानीय हस्तकला उद्यमीहरुको सहभागिता रहेको थियो ।

२०६५ माघ २० गते यस महासंघका अध्यक्ष श्री पुष्कर मान शाक्यको प्रमुख आतिथ्यमा एक कार्यक्रमबीच उक्त प्रशिक्षणको समापन गरी सहभागीहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

# हस्तकला गतिविधि, लेख एवं उपयोगी जानकारी उपलब्ध गराउने सम्बन्धी सूचना

हस्तकला उद्योग व्यवसायको विकास एवं प्रबर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले नेपाल हस्तकला महासंघद्वारा विभिन्न समयमा विविध गतिविधिहरु सञ्चालन गर्नुका साथै तत्सम्बन्धी कार्यहरु गर्दै आएको सबैमा विदितै छ । हस्तकला सम्बन्धी विविध गतिविधि एवं समसामयिक उपयोगी जानकारी बारे आफ्ना सदस्यहरु लगायत समस्त हस्तकला उद्यमी व्यवसायीहरुलाई सुसूचित गरी व्यवसाय प्रबर्द्धनमा सहयोग पुगोस् भन्ने उद्देश्यले **हस्तकला समाचार** मासिक रुपमा र **Craft News** त्रैमासिक रुपमा प्रकाशन गर्दै आएका छौं । अतः यी प्रकाशनहरुलाई अझ उपयोगी एवं जानकारीमूलक बनाउन हस्तकला सम्बन्धी समसामयिक सूचना, सृजना, लेख, जानकारी एवं उपयोगी सामग्रीहरु यहाँहरुसँग भएमा यस महासंघलाई उपलब्ध गराई दिनुहुन सम्पूर्ण सदस्य महानुभावहरुमा महासंघ हार्दिक अनुरोध गर्दछ ।

साथै महासंघमा आबद्ध संस्थागत जिल्ला हस्तकला संघ एवं वस्तुगत संघहरुले पनि आफ्ना समसामयिक प्रबर्द्धनात्मक गतिविधि सम्बन्धी जानकारीहरु समयमा महासंघलाई उपलब्ध गराईदिनु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

# विविध संघ संस्था गतिविधिहरू

## साना तथा मझौला उद्योगको प्रबर्द्धनमा लगानी

देशलाई आत्मनिर्भर बनाउन तथा नागरिकहरुलाई अधिक रोजगारीको अवसर प्रदान गर्न उद्योगहरुले महत्वपूर्ण योगदान रहेको हुन्छ । समयसापेक्ष प्रविधिको अभाव एवं उपयुक्त आर्थिक व्यवस्थापनको कमीले नेपाली उद्योगहरुले अपेक्षित प्रगति गर्न सकिरहेको छैन । यसै क्रममा नेपाली साना तथा मझौला उद्योगहरुको प्रभावकारी संचालन एवं उत्पादकत्व बृद्धिमा सकारात्मक टेवा पुऱ्याउन विश्व बैंक अन्तर्गत अन्तरराष्ट्रिय वित्त संस्था (आइ.उफ.सी.) ले लगानी गर्ने बताइएको छ । सो संस्थाले साना तथा मझौला व्यवसाय कोष मार्फत नेपाली उद्योगमा लगानी गर्ने छ। यस क्रममा लगानी प्रक्रियालाई सहज तुल्याउन सो संस्थाले हालै सरोकारवालाहरुको सहभागितामा नेपाल बैंकर्स एसोसिएसनसंग अन्तरक्रिया गरी परियोजना परिचालन सम्बन्धी विचार विमर्स गरियो ।

नेपाल बैंकर्स एसोसिएसनका अनुसार आइ.एफ.सी. परियोजनामा सहभागी बैंकहरुले सो कोषमा थप गरी लगानी गर्न सक्ने र आवश्यकता अनुसार सो परियोजनाबाट साना तथा मझौला उद्योगलाई बढीमा ५० लाख अमेरिकी डलर र घटिमा १० लाख अमेरिकी डलर बराबरको लगानी गर्न सकिने छन्। यसबाट उद्योग संचालन, प्रबर्द्धन एवं अन्य कार्यमा प्रभावकारिता ल्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। विकासशील एवं अल्प विकसित सदस्य राष्ट्रको निजी क्षेत्रको वित्तीय क्षमता बृद्धि गरी उद्योगको व्यवस्थित विकासमा सहयोग पुऱ्याउने उद्देश्यले आइ.एफ.सी.ले यस परियोजना संचालनमा ल्याएको हो र यसको अवधि ७ वर्षको हुने जनाइएको छ। हाल यस परियोजनाले नेपाल, भेटान, बंगलादेशमा गरी १९० लाख अमेरिकी डलर लगानी गर्ने लक्ष्य राखेको छ । नेपालमा परियोजनाको सम्भाव्यता एवं उपयोगिता सम्बन्धमा विभिन्न क्षेत्रका उद्योगी, व्यवसायी एवं सरोकारवालासँग आवश्यक छलफलपछि मात्र कार्यान्वयन गरिने जनाइएको छ ।

# ए.बि.सि. संग कलाकर्मी कार्यक्रम

हस्तकला उद्योग, व्यवसाय र यससँग सम्बन्धित विभिन्न संघ संस्था सम्बन्धी समसामयिक गतिविधिहरुबारे र अन्य ताजा जानकारी प्रदान गर्ने उद्देश्यले ब्रेन पावर प्रा.लि.द्वारा ABC F.M. १००.६ मेघाहर्जमा प्रत्येक हप्ता आइतबार दिनको २.०५ बजेदेखि ३.०० बजेसम्म हस्तकला सम्बन्धी ब्यक्र संग कलाकर्मी कार्यक्रम नियमित रुपमा संचालन गर्दै आएको छ । अत: उक्त समयमा प्रसारण हुने हस्तकला सम्बन्धी कार्यक्रम श्रवण गरी हस्तकला उद्योग व्यवसाय सम्बन्धी अद्यावधिक जानकारी, सूचना एवं तथ्य विवरण हासिल गरी आफ्नो व्यवसाय प्रबर्द्धन गर्न हुन सम्बन्धित सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गरिन्छ ।

ब्रेन पावर प्रा.लि. द्वारा नेपाल हस्तकला महासंघको प्रायोजनमा संचालित यो एक मात्र हस्तकला कार्यक्रम हो। यस सम्बन्धी थप जानकारीका लागि सम्पर्क ठेगाना यस प्रकार छ ।

**कार्यक्रम संचालक :**
श्री किरण बज्राचार्य,
श्री जुनीबज्र बज्राचार्य
फोन : ५०१०५८८,
Email: brainpower2007@gmail.com,
Web: bpower4animation.com

## महासंघको प्रकाशनहरू

| | | |
|---|---|---|
| 1. | The Iconography of Nepalese Buddhism | US$ 10.00 |
| 2. | Short Description of Gods & Goddesses | US$ 03.00 |
| 3. | Product Catalogue (8 Sheets per set) | US$ 03.00 |
| 4. | Artistic Heritage of Nepal | US$ 10.00 |
| 5. | Sacred Art of Nepal | US$ 30.00 |

(All price include mailing charges)

To

प्रकाशक:
**नेपाल हस्तकला महासंघ**
पो.व.नं. ७८४, उपमामार्ग, थापाथली
काठमाडौं, नेपाल
फोन : ४२४३०१५, ४२४४२३१, ४२४५४६७
फ्याक्स: ९७७–१–४२२२९४०
E mail: han @ wlink.com.np
URL: www.nepalhandicraft.org.np

**सम्पादक**
देबराज बज्राचार्य, ऋषिराज सुवेदी